स्थानीय सरकार

गौरीशंकर गाउँपालिका

Gaurishankar Rural Municipality

गाउँ कार्यपालिकाको कार्यालय

Office Of Rural Municipality Executive

सुरी, दोलखा
Suri, Dolakha

बागमती प्रदेश, नेपाल
Bagmati Province, Nepal

पत्र संख्या/Ref No:- 083/084
सूचना नं./Dispatch No: - ०१

मिती/Date:- 2083/06/08

लाभग्राही सूचीकृत हुनको लागि प्रस्ताव आव्हानको सुचना !!!

गौरीशंकर गाउँपालिकाको चालु आ.व. ०८३/०८४ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार "**कृषि तथा पशुजन्य वस्तुको उत्पादनमा आधारित अनुदान कार्यक्रम**" अन्तर्गत तल उल्लेखित अनुदान प्राप्त गर्न ईच्छुक कृषक/कृषि फर्म/कृषक समूह तथा कृषि सहकारी संस्थाहरुले यो सुचना प्रकाशित भएको मितिले १५ (पन्द्र) दिन मिति २०८३/०६/२२ गते कार्यालय समयभित्र सम्बन्धित वडा कार्यालयमा तल मागभए बमोजिमको आवश्यक कागजात सहित तोकिएको समयभित्र आवेदन दर्ता गर्नुहुन आव्हान गरिन्छ। साथै रित नपुगेका वा म्याद नाघि प्राप्त हुन आएका आवेदन उपर कुनै कारवाही नहुने व्यहोरा समेत जानकारी गराईन्छ।

अनुदान प्राप्त गर्न सकिने कृषि तथा पशुजन्य उत्पादनहरु

क्र.स.	कृषि तथा पशुजन्य उत्पादनको नाम	गाउँपालिकाले उपलब्ध गराउने प्रोत्साहन अनुदान रकम
१	दुध	रु.३ प्रति लिटर
२	किवी	रु.३ प्रति के. जि.
३	सुन्तला	रु.३ प्रति के.जि.

आवेदन साथ पेश गर्नुपर्ने कागजातहरु:

१. व्यक्तिको हकमा

- सूचीकृत हुनका लागि अनुसूची-२ बमोजिमको निवेदन र अनुसूची-३ बमोजिमको विवरण।
- व्यक्तिको बैंक खाताको विवरण र नागरिकता वा राष्ट्रिय परिचयपत्रको प्रतिलिपि।
- उत्पादन विवरण खुल्ने कागजात *(पशुको हकमा पशुको बीमालेख, सम्पूर्ण पशु देखिनेगरी खिचिएको फोटो र कृषिको हकमा फलफूलको बीमालेख वा फलफूलको सम्पूर्ण बोट देखिने गरि खिचिएको फोटो, जग्गाको लालपुर्जा, जग्गा भाडामा लिएर खेती गरेको भए करार सम्झौता र जग्गाको भुमि/मालपोत कर तिरेको रसिद)*

२. कृषि फर्म, कृषक समुह तथा सहकारी संस्थाको हकमा

- सूचीकृत हुनका लागि अनुसूची-२ बमोजिमको निवेदन र अनुसूची-३ बमोजिमको विवरण।
- फर्म, समूह र संस्थाको बैंक खाताको विवरण र अख्तियारी प्राप्त व्यक्तिको नागरिकता वा राष्ट्रिय परिचयपत्रको प्रतिलिपि।
- उत्पादन विवरण खुल्ने कागजात *(पशुको हकमा पशुको बीमालेख, सम्पूर्ण पशु देखिनेगरी खिचिएको फोटो र कृषिको हकमा फलफूलको बीमालेख वा फलफूलको सम्पूर्ण बोट देखिने गरि खिचिएको फोटो, जग्गाको लालपुर्जा, जग्गा भाडामा लिएर खेती गरेको भए करार सम्झौता र जग्गाको भुमि/मालपोत कर तिरेको रसिद)*
- सम्बन्धित निकायमा कृषि फर्म/कृषक समूह/ कृषि सहकारी संस्था दर्ता, नविकरण, प्यान दर्ता र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि।
- कार्यक्रममा सहभागी हुने सम्बन्धि बैठकको निर्णय र अख्तियारी दिएको निर्णयको प्रतिलिपि। *(समूह र सहकारीको हकमा)*

(रिजेश उपरकोटी)
प्रमुख प्रशासकीय अधिकृत

Website: www.gaurishankarmun.gov.np Email: ito.gaurishankarmun@gmail.com Contact: 9854045172

अनुसूची-२

(कृषक फर्म तथा संस्था सूचीकृत हुनको लागि निवेदनको ढाँचा)

श्री गौरीशंकर गाउँपालिका,
वडा नं..... .....दोलखा।

विषय: उत्पादक सूचीकृत गराइ पाउँ भन्ने बारे।

प्रस्तुत विषयमा गौरीशंकर गाउँपालिका कार्यालयको सुचना नं.....मिति..... को सार्वजानिक सूचना बमोजिम म/हामी श्री.....ले गौरीशंकर गाउँपालिका वडा नं.....मा उत्पादन गरेको अनुसुची-३ मा लेखिए बमोजिमको कृषि तथा पशुजन्य बस्तुको उत्पादन तथा विक्रि वितरण गर्ने भएकोले सुचनामा माग भए बमोजिमको विवरण र आवश्यक कागजात सहित सूचीकृतको लागि यो निवेदन पेश गर्दछु/गर्दछौँ।

निवेदक:

दस्तखत:

लाभग्राहीको नाम:

पद:

सम्पर्क नं.:

संस्थाको छाप *(संस्थाको हकमा)*:

अनुसूची-३

कृषि तथा पशु उत्पादन विवरण

क्र.सं.	उत्पादन तथा विक्रि गरिने कृषि तथा पशुजन्य उत्पादनको नाम	लगाएको क्षेत्रफल तथा पशु सङ्ख्या	बार्षिक अनुमानीत बिक्रि परिमाण (लिटर/के.जी.)
१.	दुध		
२.	किवी		
३.	सून्तला		
जम्मा			

निवेदक:

दस्तखत:

लाभग्राहीको नाम:

पद:

सम्पर्क नं.:

वडा नं.